# राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१

१. **पृष्ठभूमि**

नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसै अनुरुप, नेपाल सरकारले सबै नागरिकलाई केही स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउनुका साथै लक्षित वर्गका लागि थप सेवाको व्यवस्था गरेको छ । स्वास्थ्य सेवामा क्रमशः पहुँच बढेको भए पनि सबैलाई समेट्न भने सकिएको छैन र स्वास्थ्योपचारका समयमा घरपरिवारले नै ठूलो मात्रामा खर्च गर्नुपरेको छ । यसरी व्यक्तिले गर्ने खर्च मूलतः औषधि किन्नमा हुने गर्छ । साथै, सरकारको स्वास्थ्य क्षेत्रमा हुने लगानीको विद्यमान व्यवस्थाले स्वास्थ्य सेवा प्रदायकहरूको उत्पादकत्व, गुणस्तर र दक्षता बढाउन उत्प्रेरित गर्न सकेको छैन । सबैलाई स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य सेवा उपयोगका क्रममा अनियोजितरूपमा भइरहेको व्यक्तिगत खर्चलाई ब्यवस्थित गर्दै उपलब्ध स्रोतको प्रभावकारी, दक्ष तथा जिम्मेवार व्यवस्थापनका लागि राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । त्रिवर्षीय योजना (२०१०/११–२०१२/१३) अनुसार राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकारले यो ‘राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१’तयार गरेको हो ।

दोस्रो स्वास्थ्य क्षेत्र कार्यक्रम (२०१०–२०१५) अनुरुप राष्ट्रिय स्वास्थ्य बीमा नीतिले न्यूनतम सुविधाबाट वञ्चित समूहका सदस्यको स्वास्थ्य सेवामा प्रभावकारी पहुँच बढाउने उद्देश्य हासिल गर्न सहयोग पुर्याउनेछ । स्वास्थ्य क्षेत्र सुधारको महत्वपूर्ण कार्यसूचीको रुपमा यस नीतिले स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरणबाट जनताको स्वास्थ्य अवस्थामा सुधार गर्ने उद्देश्य लिएको छ । यो नीति नेपाल सरकारको राष्ट्रिय सामाजिक संरक्षण प्रणाली अनुरूप रहेको छ ।यस अतिरिक्त, तर्जुमा हुँदै गरेको ‘स्वास्थ्य वित्त रणनीतिले नेपालका विभिन्न लगानी संयन्त्रबीचमा अन्तर्सम्बन्धको मार्गनिर्देश गर्नेछ ।

नेपाल कानून आयोग

२. **विगतका प्रयास - विद्यमान कार्यक्रम**

संवैधानिक तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न नेपाल सरकारले हाल सर्वसाधारण तथा मुलतः लक्षित वर्गलाई आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा पुर्याउदै आएको छ । “आमा सुरक्षा”, आङ खस्ने रोगको उपचार, निःशुल्क स्वास्थ्य उपचार कार्यक्रम तथा लक्षित वर्गका लागि विशेष स्वास्थ्य सेवाहरु सञ्चालन हुदैआएको छ । साथै, मुटु रोग, मिर्गौलाको उपचार, क्यान्सर जस्ता गंभीर प्रकृतिका रोगको उपचारका लागि पनि विशेष सुविधा उपलब्ध गराइएको छ। सन् २००३ देखि नेपाल सरकारले केही स्थानमा समुदायमा आधारित स्वास्थ्य बीमा कार्यक्रम नमुनाका रूपमा कार्यान्वयन गर्दैआएको छ । यस्तै, गैरसरकारी क्षेत्रबाट पनि स्वास्थ्यका लागि आवश्यक रकम समुदायबाटै जुटाउने विभिन्न प्रयास हुँदै आएका छन् । स्वास्थ्य बीमा कार्यक्रमको लागि विगत ३ तीन) वर्षदेखि बजेट विनियोजित भए पनि उपयुक्त नीतिको अभावमा कार्यान्वयन हुन सकेको छैन ।

३. **विद्यमान अवस्था**

नेपालमा स्वास्थ्य सेवामा पहुँच बढाउने कार्यमा धेरै प्रगति भए पनि गरिब र सीमान्तकृत जनताको पहुँच पुर्याउनका लागि अझै चुनौती कायमै छन् । स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न स्तरमा छरिएका विद्यमान स्वास्थ्य संरक्षणका कार्यक्रमहरु अनुसार खर्चिलो किसिमका उपचार गराउनु पर्दा वित्तीय संरक्षण प्रदान गर्न नसकेको अवस्था छ भने कतिपय अवस्थामा यस्तो खर्च चिकित्सीय आवश्यकतामा आधारित छैनन् । विगतका राष्ट्रिय स्वास्थ्य लेखाको तथ्य हेर्दा स्वास्थ्य सेवाका लागि घरपरिवारले प्रत्यक्षरूपमा गरिने खर्च सरकारी र गैरसरकारी क्षेत्रबाट गरिने खर्चभन्दा अधिक देखिएको छ । यस्तो खर्चका कारण अधिकांश जनसङ्ख्याको स्वास्थ्य सेवामा पहुँच कायम हुन सकेको छैन भने त्यस्तो खर्च धान्न नसकी गरिब हुँदै जाने जोखिम पनि उत्तिकै छ ।

४. **प्रमुख समस्या तथा चुनौती**

नेपालमा स्वास्थ्य क्षेत्रमा पहुँच तथा समता कायम गर्न विद्यमान चुनौती र अवरोधलाई सङ्क्षेपमा देहाय अनुसार उल्लेख गर्न सकिन्छः

१. आर्थिक समस्याका कारण जनताले स्वास्थ्य सेवाको प्रयोग गर्न नसक्नु ।

२. सेवा लिदाँका बखत ठुलो रकम खर्च गर्नुपर्दा गरिबीको जोखिममा पर्नु ।

नेपाल कानून आयोग

३. स्वास्थ्य सेवा प्रदान गर्ने विद्‍यमान पद्दतिमा दक्ष व्यवस्थापन हुन नसक्दा हुने सरकारी खर्चको अदक्ष व्यवस्थापनका कारण स्वास्थ्य सेवाको प्रभावकारिता, कार्यकुशलता र जवाफदेहीमा सुधार गर्ने सरकारको क्षमता सीमित हुनु ।

४. विद्‍यमान स्वास्थ्य वित्त प्रणालीमा गरिबको पहिचान गरी तिनलाई सुरक्षा र न्याय प्रदान गर्ने सीमित क्षमता हुनु ।

५. स्वास्थ्य संरक्षणका विभिन्न कार्यक्रमहरुले पर्याप्त वित्तीय सुरक्षा उपलब्ध गराउन र लक्षित वर्गको स्वास्थ्य आवश्यकता पूरा गर्न असमर्थ हुनु ।

६. स्वास्थ्यका लागि व्यक्तिगतरूपमा नै ठुलो रकम खर्च गरीने भएकाले अनुचित मूल्य र अनुपयुक्त सेवा प्रवाह रोक्ने सरकारी क्षमता कमजोर हुनु ।

७. स्वास्थ्य सेवाका लागि पर्याप्त साधन स्रोत दिगोरूपमा उपलब्ध गराउनेसरकारी व्यवस्था सीमित हुनु ।

८. स्वास्थ्य सेवा प्रदायकलाई सर्वसाधारणप्रति जिम्मेवार बनाउन एकीकृत अवधारणा नहुनु ।

## ५. नीतिको औचित्य

त्रिवर्षीय योजना (२०१०-११/२०१२-१३) र दोस्रो स्वास्थ्य सेवा कार्यक्रम (२०१०-२०१५) अनुसार स्वास्थ्यको विद्‍यमान अवस्थामा सुधारका लागि राष्ट्रिय स्वास्थ्य बीमा नीति लागु गर्नु आवश्यक देखिन्छ । राष्ट्रिय स्वास्थ्य बीमा नीति आवश्यक हुनुका खास कारणहरूः

१. स्वास्थ्य सेवा उपयोग गर्दा आउनसक्ने आर्थिक अवरोध हटाएर स्वास्थ्य सेवामा मूलतः गरिब तथा सीमान्तकृत जनता र लक्षित वर्गको पहुँच र समता अभिवृद्‍धि गर्न ।

२. समतामूलक रूपमा वित्तीय साधन परिचालन गर्दै राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमद्‍वारा पूर्व भुक्तानी तथा जोखिम एकिकृत गर्ने संयन्त्रको प्रर्वद्‍धन गर्न ।

३. स्वास्थ्य क्षेत्रमा हुने खर्चलाई उपलब्धिमूलक बनाउन एवं स्वास्थ्य सेवा प्रवाहमा दक्षता, प्रभावकारिता र जवाफदेही तथा गुणस्तर बढाउन अभिप्रेरित गर्न ।

४. स्वास्थ्य सेवाको एकीकृतरूपमा सुदृढीकरण गर्न ।

नेपाल कानून आयोग

५. सेवा प्राप्त गर्ने स्पष्ट कार्यविधि, जनचेतना अभिवृद्धि र स्वास्थ्य सेवा ग्रहण गर्ने अभ्यासमा परिवर्तनका लागि जनचेतना जगाई नागरिकको स्वास्थ्य सेवा उपयोग गर्ने व्यवहारमा सुधार ल्याउन ।

## ६. दीर्घकालीन लक्ष्य र मुख्य उद्देश्य

### ६.१ दीर्घकालीन लक्ष्य

नेपाली जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्नु यस नीतिको दीर्घकालीन लक्ष्य रहेको छ ।

### ६.२ मुख्य उद्देश्य

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमासुधारल्याई सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु यस नीतिको प्रमुख उद्देश्य हो ।

### ६.३ विशेष उद्देश्य

यस नीतिका बिशेष उद्देश्य देहाय बमोजिम रहेका छन्:

१. स्वास्थ्य सेवाका क्षेत्रमा पूर्वभुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण प्रदान गर्ने ।

२. वित्तीय साधनको समतामूलक परिचालन गर्ने ।

३. स्वास्थ्य सेवा प्रवाहका क्रममा सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफदेहीतामा सुधार ल्याउने ।

नेपाल कानून आयोग